# प्रदेश राजपत्र

मधेश प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड८) जनकपुरधाम, नेपाल, चैत्र १९ गते, २०८१ साल(अतिरिक्ताङ्क ८(ग)

भाग १

## मधेश प्रदेश सरकार

## गृह,सञ्चार तथा कानुन मन्त्रालय

## प्रदेश बालअधिकार सम्बन्धी (पहिलो संशोधन) ऐन २०८१

## सम्वत् २०८१ सालको ऐन नम्बर १०

## प्रदेश बालअधिकार सम्बन्धी ऐन, २०७७ लाई संशोधन गर्न बनेको ऐन

**प्रस्तावना**ः प्रदेश बालअधिकार सम्बन्धी ऐन, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

मधेश प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश बालअधिकार सम्बन्धी (पहिलो संशोधन) ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **प्रदेश बालअधिकार सम्बन्धी ऐन, २०७७ को दफा २ मा संशोधनः** प्रदेश बालअधिकार सम्बन्धी ऐन, २०७७ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को,-

(१) खण्ड (ङ) मा रहेको " प्रदेश नं. २ को" भन्ने शब्दहरुको सट्टा "मधेश प्रदेश" भन्ने शब्दहरु राखिएका छन् ।

(२) खण्ड (ठ) मा रहेको "प्रदेश नं. २ को सामाजिक विकास मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "मधेश प्रदेशको बालबालिका सम्बन्धी विषय हेर्ने मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन् ।

(३) खण्ड (ड) मा रहेको "प्रदेश नं. २ भित्रका नगरपालिका वा गाउँपालिकालाई सम्झनुपर्दछ" भन्ने शब्दहरुको सट्टा "मधेश प्रदेश भित्रका नगरपालिका वा गाउँपालिकालाई सम्झनुपर्दछ। सो शब्दले जिल्ला सभा समेतलाई जनाउँछ ।" भन्ने शब्दहरु राखिएका छन् ।

३. **मूल ऐनको दफा ८ मा संशोधनः** मूल ऐनको दफा ८ को,-

(१) उपदफा (२) मा रहेको "बालबालिकामैत्री" शब्दको सट्टा "बालमैत्री" शब्द राखिएको छ।

(२) उपदफा (४) पछि देहायको उपदफा (५) थपिएको छः-

"(५) स्थानीय तहसँग समन्वय एवम् सहकार्य तोकिएको व्यवस्था बमोजिम हुनेछ।"

५. **<u>मूल ऐनको दफा १२ मा संशोधनः</u>** मूल ऐनको दफा १२ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) परिवार, समुदाय, विद्यालय, सार्वजनिक निकाय वा संस्थाको तहमा बालबालिकाको विचार अभिव्यक्तिको अधिकारलाई व्यवस्थित गर्न कार्यविधि अनुसार स्थानीय तहले बालमैत्री विधि र प्रक्रिया निर्धारण गर्न सक्नेछ।"

६. **<u>मूल ऐनको दफा १३ मा संशोधनः</u>** मूल ऐनको दफा १३ को,-

(१) उपदफा (१) मा रहेको "बालसंरक्षणका" भन्ने शब्दको सट्टा "बालसहभागितालाई सुनिश्चित गर्नका" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपदफा (२) मा "दर्ता" भन्ने शब्दको सट्टा "दर्ता वा सूचीकृत" भन्ने शब्दहरु राखिएका छन् ।

(३) उपदफा (३) मा "दर्ता" भन्ने शब्दको सट्टा "दर्ता वा सूचीकृत" भन्ने शब्दहरु राखिएका छन् ।

७. **<u>मूल ऐनको दफा १८ मा संशोधनः</u>** मूल ऐनको दफा १८ को खण्ड (ज) पछि देहायको खण्ड (ज१) थपिएको छः-

"(ज१) बालकल्याण अधिकारी नियुक्ति वा तोक्ने, बालमनोविज्ञ तथा समाजसेवीको सूचीकरण गर्ने, बालकोषको स्थापना गर्ने,"

८. **<u>मूल ऐनको दफा २३ मा संशोधनः</u>** मूल ऐनको दफा २३ को,-

(१) उपदफा (२) को सट्टा देहायका उपदफा (२) राखिएको छः-

"(२) उपदफा (१) को प्रयोजनको लागि प्रदेश सरकारले उद्योग व्यवसाय, ईटाभट्टा, सवारी साधन, घरेलु कामदार, विवाहमा रोडलाईट बोक्ने, होटल व्यवसाय र सडक मगन्ते, भोजभतेर लगायतका श्रम क्षेत्रमा बालबालिकाको प्रयोगमा रोक लगाउन सक्नेछ।"

(२) उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः-

"(३) प्रदेशले बालश्रम मुक्त बनाउन स्थानीय तहसँग समन्वय र सहकार्य गर्न सक्नेछ ।"

९. **<u>मूल ऐनको दफा २४ मा संशोधनः</u>** मूल ऐनको दफा २४ को उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छः-

"(२क) विपद् तथा महामारीबाट जोगिनको लागि प्रदेश सरकारले पूर्वतयारी तथा

प्रतिकार्य योजना बनाई कार्यान्वयन गर्न सक्नेछ ।"

१०. **मूल ऐनको दफा ३८ मा संशोधनः** मूल ऐनको दफा ३८ को,-

(१) उपदफा (२) को,-

(क) खण्ड (क) मा रहेको "सामाजिक विकास मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "मधेश प्रदेशको बालबालिका सम्बन्धी विषय हेर्ने मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन् ।

(ख) खण्ड (ग) मा रहेको "आन्तरिक मामिला तथा कानून मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "गृह, संचार तथा कानून मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन् ।

(ग) खण्ड (घ) मा रहेको "आर्थिक मामिला तथा योजना मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "अर्थ मन्त्रालय" भन्ने शब्दहरु राखिएको छन् ।

(घ) खण्ड (ङ) मा रहेको "सामाजिक विकास मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "मधेश प्रदेशको बालबालिका सम्बन्धी विषय हेर्ने मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन् ।

(ङ) खण्ड (छ) मा रहेको "प्रदेश शिक्षा निर्देशनालय" भन्ने शब्दहरुको सट्टा "

शिक्षा विकास निर्देशनालय" शब्दहरु राखिएका छन् ।

(च) खण्ड (ठ) पछि देहायको खण्ड (ठ१) थपिएको छः-

"(ठ१) प्रदेश स्तरीय बालक्लब/संजालको प्रमुख वा प्रतिनिधि १ जना -सदस्य"

(छ) खण्ड (ड) मा रहेको "सामाजिक विकास मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "मधेश प्रदेशको बालबालिका सम्बन्धी विषय हेर्ने मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) प्रदेश बालअधिकार समितिले आवश्यक्ता अनुसार नेपाल र प्रदेश सरकार मातहतका निकायका प्रतिनिधि, प्रदेश अन्तरगत गठित गाउँपालिका महासंघको प्रतिनिधि, नगरपालिका संघको प्रतिनिधि, सम्बन्धित स्थानीय तहको प्रतिनिधि, बालअधिकारको क्षेत्रमा कार्यरत व्यक्ति वा विशेषज्ञ तथा सामाजिक संस्थाका प्रतिनिधिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।"

११. **<u>मूल ऐनको दफा ४१ मा संशोधनः</u>** मूल ऐनको दफा ४१ को,-

(१) उपदफा (२) को,

(क) खण्ड (च) मा रहेको "प्रमुख, जिल्ला अस्पताल" भन्ने शब्दहरुको सट्टा "प्रमुख, प्रादेशिक स्वास्थ्य कार्यालय" भन्ने शब्दहरु राखिएका छन् ।

(ख) खण्ड (ज) पछि देहायको खण्ड (ज१) थपिएको छः-

"(ज१) जिल्ला स्तरीय बालक्लब संजालको प्रमुख वा प्रतिनिधि १ जना - सदस्य"

(२) उपदफा (५) मा रहेको "जिल्ला बालकल्याण समितिका सदस्यले" शब्दहरु झिकिएका छन् ।

**१२. <u>मूल ऐनको दफा ४५ मा संशोधनः</u>** मूल ऐनको दफा ४५ को,-

(१) उपदफा (५) पछि देहायका उपदफा (५क), (५ख) र (५ग) थपिएको छः-

"(५क)यस ऐन बमोजिम बालबालिकाले प्राप्त गरेको अधिकार लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिकाले पनि प्राप्त गर्न सक्नेछन् ।

(५ख) प्रत्येक लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिकालाई बाबु, आमा वा संरक्षक बस्ने आवासमा बस्ने हक हुनेछ ।

(५ग) कुनै बालबालिकालाई बाबु, आमा परिवार वा संरक्षकबाट उसको लैङ्गिक तथा यौनिक अल्पसंख्यक भएको आधारमा विभेद गरी घरबाट अलग्याउन पाइने छैन्।

(२) उपदफा (६) को सट्टा देहायको उपदफा (६) राखिएको छः-

"(६) प्रदेश सरकारले बालमैत्री स्थानीय शासन अबधारणा लागू गर्न, गराउन कार्यविधि निर्माण गर्ने र सो अनुरुप स्थानीय तहसँग समन्वय एंव सहकार्य गर्न सक्नेछ ।

**१३. <u>मूल ऐनको दफा ४८ मा संशोधन</u>:** मूल ऐनको दफा ४८ को सट्टा देहायको दफा ४८ राखिएको छः-

"प्रदेश बालअधिकार समितिले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार कुनै अधिकार तोकिएको शर्तको अधिनमा रही प्रयोग र पालना गर्ने गरी जिल्ला बालअधिकार समिति, स्थानीय बालअधिकार समिति, उपसमिति तथा मन्त्रालयको कुनै कर्मचारी वा अन्य कुनै निकायलाई प्रत्यायोजन गर्न सक्नेछ।"

प्रमाणीकरण मितिः२०८१।१२।१९

आज्ञाले,
उद्धव प्रसाद रिजाल
प्रदेश सचिव
गृह, सञ्चार तथा
कानुन मन्त्रालय